# चन्दननाथ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७८

प्रमाणिकरण.२०७८।०३।३१

**प्रस्तावनाः**

चन्दननाथ नगरपालिकाले प्रदान गर्ने मुख्य शहरी सेवाको रुपमा फोहोरमैला व्यवस्थापनलाई लिएकोले यसलाई नगरपालिकाको आर्थिक तथा कच्चा सामाग्रीको रुपमा स्वीकार गरिएको छ । फोहोरमैलालाई नगरपालिकाको जैविक, अजैविक र हानिकारक फोहोरको श्रोतमा नै वर्गीकरण गरेर फोहोरको कम उत्पादन, पुनप्रयोग, चक्रीय प्रयोग, छुट्टाछुट्टै संकलन, ढुवानी, प्रशोधन एबं सुरक्षित विसर्जन गरी नगरपालिकाको फोहोरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न, जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्दै स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने नागरिकको संवैधानिक हकको रक्षा गरी सफा र बस्न लायक शहर निर्माणका लागि नेपालको संविधानको धारा २२२ (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

## परिच्छेदः १

## संक्षिप्त नाम र प्रारम्भ

१. यो ऐनको नाम " चन्दननाथ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई चन्दननाथ नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले चन्दननाथ नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले चन्दननाथ नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चन्दननाथ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

(ड.) “समिति” भन्नाले चन्दननथ नगरपालिकाको फोहोरमैला व्यवस्थापन समितिलाई सम्भmनु पर्छ ।

(च) “फोहोरमैला” भन्नाले घरेलु फोहोरमैला, संस्थाजन्य फोहोरमैला, व्यापारजन्य फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने फोहोरमैला, सडक तथा सार्वजनिक स्थल तथा पार्कबाट निस्किने फोहोरमैला, पशु बधशाला समेतबाट निस्किने फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट, व्यानर, प्रयोग नभएका निर्माण सामाग्रीहरु, विभिन्न कारणले भत्किएका वा भत्काइएका भौतिक संरचनाबाट निस्किने सामग्री र नगरपालिकाले सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य बस्तु समेतलाई जनाउँछ । साथै नगरपालिकाले व्यवस्थापन गर्ने भनी जिम्मेवारी लिई आएको मानव मलमुत्र व्यवस्थापन सम्वन्धी अन्य कार्यलाई समेत जनाउछ ।

(छ) “नगरजन्य फोहोरमैला“ भन्नाले घरेलु फोहोरमैला, संस्थाजन्य फोहोरमैला, व्यापारजन्य फोहोरमैला भन्ने सम्झनु पर्दछ र साथै सडक तथा सार्बजनिक स्थल तथा पार्कबाट निस्किने फोहोरमैला, औद्योगिक प्रतिष्ठान तथा स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने हानिकारक तथा संक्रमित फोहोर बाहेकका सामान्य फोहोरमैला समेतलाई जनाउछ ।

(ज) “हानिकारक फोहोरमैला“ भन्नाले औधोगिक प्रतिष्ठानबाट निस्किने साधारण फोहोर बाहेकको मानब स्वास्थ्य र बाताबरणमा गम्भीर असर पर्ने रासायनिक फोहोर, स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने संक्रमित तथा धारिलो फोहोर भन्ने बुझ्नु पर्दछ ।

(झ) “औद्योगिक फोहोरमैला“ भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने ठोस वा तरल हानिकारक, प्रदूषित, रासायानिक फोहोरमैला जन्य वस्तुलाई सम्झनु पर्दछ।

(ज) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय समेतलाई सम्झनु पर्दछ ।

(ञ) “स्वास्थ्यजन्य फोहोरमैला“ भन्नाले स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने ठोस वा तरल फोहोरमैला (हानिकारक, प्रदुषित तथा संक्रमित फोहोर लगायतका सबै प्रकार) लाई सम्झनु पर्छ ।

(ट) "निर्माणजन्य तथा विपदजन्य फोहोरमैला" भन्नाले भौतिक संरचना निर्माण गर्दा बाँकि भएका प्रयोग नहुने सामाग्री र प्राकृतिक प्रकोप वा मानवीय कारणबाट भत्केका वा भत्काइएका भौतिक संरचनाबाट निस्किने सामाग्रीलाई निर्माणजन्य तथा विपदजन्य फोहोरमैला भन्ने सम्झनु पर्दछ ।

(ठ) "कन्टेनर" भन्नाले फोहोरमैला संकलन वा व्यवस्थापन सहज गर्न निश्चित स्थानमा राखिएको भाँडो, वाल्टिन आदि समेतलाई सम्झनु पर्छ ।

(ड) "निष्काशन" भन्नाले फोहोरमैला उत्पादन तथा प्रशोधन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने, निकाल्ने तथा व्यवस्थापन गर्ने कार्य समेतलाई सम्झनु पर्छ ।

(ढ) "संकलन केन्द्र" भन्नाले घरघरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ । यस शव्दले घरघरमा फोहरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला संकलन वा फोहरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ ।

(ण) "प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया जनाउछ ।

(त) "पुनःप्रयोग" भन्नाले नगरपालिकाले समयसमयमा सूचना प्रकाशित गरी संकलित फोहोरमैलालाई पुनःप्रयोग गर्न मिल्ने गरी तोकिएको व्यवस्थापकीय कार्यलाई जनाउछ ।

(थ) "फोहोरमैला संकलन" भन्नाले फोहोरमैला उत्पादन हुने श्रोत स्थलबाट उठाउने, घर-घरबाट संकलन गर्ने, सार्वजनिक स्थल बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, व्यानर, पम्प्लेट हटाई संकलन गर्ने कार्य समेतलाई सम्झनु पर्दछ ।

(द) "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको निर्धारित स्थानलाई जनाउछ ।

(ध) "विर्सजन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन गर्ने कार्य सम्झनुपर्दछ ।

(न) "सामुदायिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, आमा समूह, महिला समूह, क्लबहरु एवम् संगठित संस्था, सहकारी संस्था र गैर सरकारी संस्था समेतलाई सम्झनुपर्दछ ।

(प) "फोहोरमैला संकलन तथा ढुवानी साधन" भन्नाले नगरपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने सवारीसाधन, उपकरण, यन्त्र समेतलाई जनाउछ ।

(फ) "साझेदार" भन्नाले नगरपालिका संग साझेदारी गरि फोहोरमैला ब्यवस्थापन गर्ने नीजि कम्पनी वा साझेदार भन्ने सम्झनुपर्दछ ।

(फ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमका कार्य समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## फोहोरमैला उत्पादन, वर्गीकरण, न्यूनीकरण, संकलन, ढुवानी, प्रशोधन तथा अन्तिम बिसर्जन सम्बन्धी व्यवस्था

**३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहने :** (१) फोहोरमैलाको एकिकृत व्यवस्थापनको लागि आबश्यक उपयुक्त स्थल (जग्गा) उपलब्ध गराउनु नगरपालिकाको जिम्मेवारी हुनेछ । श्रोतमा बर्गिकरण गरिएको कुहिने र नकुहिने फोहोरमैलाको छुट्टाछुट्टै संकलन र ढुवानी, पुनःप्रयोग तथा पुनचक्रीय प्रयोग, सामाग्री संकलन तथा भण्डारण, फोहोरको प्रकृति अनुसारको प्रशोधन प्लान्ट जस्तै कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायतका अन्य आबश्यक प्रशोधन वा पुनःप्रशोधन प्लान्ट र अन्तिम विर्सजनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रवन्ध गर्ने वा प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निष्कासन हुने फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थाबाट निष्काशित हुने फोहोरमैलाबाट रासायनिक, संक्रमित तथा हानीकारक फोहोरमैला सम्वन्धित औद्योगिक वा स्वास्थ्य संस्थाले प्रशोधन गरी संक्रमण रहित तथा हानिकारक रहित फोहोरमैला र बाँकी रहेको अन्य सामान्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग

गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

**४. <u>फोहोरमैलाको उत्पादन कम गर्ने</u> :** (१) कुनै ब्यक्ति, संस्था वा निकायले कुनै काम कारवाही गर्दा फोहोरमैला उत्पादन हुने कार्य यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र श्रोतमा नै पुनप्रयोग तथा विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक ब्यक्ति, संस्था वा निकायको दायित्व हुनेछ ।

**५. <u>फोहोरमैलाको पृथकीकरण तथा संकलन केन्द्र तोक्ने</u> :** (१) नगरपालिकाले जैविक, अजैविक वा अन्य प्रकारका फोहोरमैलालाई स्रोतमा नै बर्गिकरण गरेर छुट्टयाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न वर्गमा छुट्याई नगरपालिका वा नगरपालिकाको फोहोरमैला संकलन तथा ढुवानीको जिम्मा लिएको संस्था फोहोरमैला संकलन गर्न नआएसम्म छुट्टाछुट्टै बाल्टिनमा संकलन गरी राख्ने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने ब्यक्ति, संस्था वा निकायको हुनेछ ।

**६. <u>फोहोरमैलाको निष्कासन</u> :** (१) फोहोरमैला निस्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) संक्रमित फोहोरमैला, हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम ब्यवस्थापन गर्नुपर्नेछ ।

(३) संक्रमित वा हानिकारक फोह्रोरमैला तोकिए बमोजिमको उपयुक्त प्रविधिद्वारा संक्रमण रहित नबनाई असुरक्षित रुपमा निष्कासन गर्न पाइने छैन ।

**७. फोहोरमैलाको ढुवानीः** (१) फोहोरमैला उत्पादकले दफा ५ बमोजिम छुट्टाछुट्टै संकलन गरी राखेको फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन स्थलसम्म अलग अलग ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाबाट अनुमति प्राप्त गरेको ब्यक्ति, संस्था वा निकायको हुनेछ ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ । यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोकिनेछ ।

**८. फोहोरमैलाको न्यूनीकरण**, पुनः प्रयोग तथा पूनः चक्रीय प्रयोग प्रशोधनः

नगरपालिकाले फोहोरमैला न्यूनीकरण, प्रयोग, पूनः प्रयोग तथा चक्रीय प्रयोग वा प्रशोधनलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ । यसको प्रभावकारी कार्यान्वयन सम्वन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३
## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**९. फोहोरमैला व्यवस्थापन स्थल :** (१) चन्दननाथ नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिका क्षेत्रमा उपयुक्त विसर्जन स्थल नभएमा वा भएपनि उपयुक्त नभएमा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि बिसर्जन स्थलको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि प्रदेश वा संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) नगरपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तहबीच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

(५) नगरपालिकाको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

(६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(७) नगरपालिकाले उपदफा (६) बमोजिमको क्षेत्रमा पशुपन्छी, जिवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद- ४

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१०. अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई सार्वजनिक स्थलमा फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाइने छैन ।

(२) फोहोरमैला व्यवस्थापन गर्न स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ :

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य योजना

(ख) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक छानविन गरी अनुमति दिन सक्नेछ ।

(४) फोहोरमैला व्यवस्थापन, प्रशोधन, प्रयोग, पुनः प्रयोग चक्रीय प्रयोग र विसर्जनका लागि आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने गरी तोकिएको ब्यक्ति वा संस्थालाई विदेशी कम्पनी मार्फत प्रविधि हस्तान्तरण गर्ने गरी नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने:** (१) नगरपालिकाले आवश्यकता अनुसार प्रचलित कानुनको अधिनमा रही निजी क्षेत्रका कम्पनीबाट प्रतिस्पर्धा गराई आवश्यक प्रकृया अवलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहाय बमोजिम गराउन सकिने छ :

(क) चन्दननाथ नगरपालिकाले आफैले एकिकृत फोहर व्यवस्थापनको लागि आबश्यक पूर्वाधार तयार गरी सम्बन्धित क्षेत्रका निजि कम्पनिलाई प्रतिस्पर्धाबाट देहायका सबै वा कुनै काम गराउन सक्नेछ :

(अ) फोहोरमैलाको संकलन र ढुवानी गर्ने,

(आ) फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधन गर्ने,

(इ) फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने,

(ई) फोहोरमैला विसर्जन गर्ने ।

(ख) दफा ९ बमोजिम नगरपालिकाले तोकेको स्थलमा खुल्ला प्रतिस्पर्धाबाट छनोट भएका निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि दफा १२ बमोजिम आवश्यक सबै पूर्वाधार निर्माण गरी सम्झौता बमोजिमको अवधिभर संचालन गराउन सकिने छ ।

(ग) उपदफा(२)को खण्ड (ख) अनुसार छनोट भएका निजि कम्पनीलाई उपदफ(२) को खण्ड (क) मा उल्लेख गरिए अनुसारको सबै वा (क) (अ) बाहेकका सबै वा कुनै एक काम गराउन सकिने छ ।

(३) सामुदायिक वा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा काम गर्दा फोहोरमैला न्यूनीकरण तथा पृथकीकरणको लागि जनचेतना अभिवृद्धि, ३ आरको प्रबर्द्धन, उद्यान निर्माण तथा व्यवस्थापन र सौन्दर्यीकरण जस्ता कार्य गर्न गराउन सकिने छ ।

(४) यस नियम बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रही दफा १३ बमोजिमको शुल्क उठाउन सक्ने छ ।

(५) फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिने:** (१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल, पुनः प्रयोग स्थल, चक्रिय प्रयोग स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरुप नभए समयावधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने र तोकिएको समयावधि भित्र मापदण्डको पालना नगरे त्यस्ता ब्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृत नगरपालिकाले रद्द गर्न सक्नेछ ।

(४) नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि निर्माण गर्ने संरचना नीजिक्षेत्र संग लागत साझेदारी तथा विशेष अनुदानको व्यवस्था गरि निर्माण गर्न सक्नेछ ।

## परिच्छेद- ५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१३. <u>सेवा शुल्क उठाउन सक्ने</u>:** (१) चन्दननाथ नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।
(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति, सेवाग्राहीलाई उपलब्ध गराउने सेवाको गुणस्तर र तोकिएका अन्य आधारमा गरिने छ।

(३) यस नियम बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिकाले आफै वा कुनैव्यक्ति वा संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सम्झौता बमोजिम फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लिन सक्नेछ।

(५) यस नियम बमोजिम फोहोरमैला व्यवस्थापनबाट प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै कोषमा जम्मा गर्नेछ। उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थलको विकासमा खर्च गर्न प्राथमिकता दिनेछ।

**१४. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:** (१) नगरपालिकाले दफा १३ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्न दफा ११ बमोजिम जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले दफा १४ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा नगरपालिकालाई जानकारी दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको ब्यवस्थापन सम्बन्धित ब्यक्ति, संस्था वा निकाय आफैंले गर्नुपर्नेछ।

(४) सेवाग्राहीले दफा १३ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क तथा अन्य शुल्क (जरीवाना) बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

**१५.पुनप्रयोग तथा पुनस्चक्रीय सामग्री संकलन कर (कबाडी कर) सम्बन्धि व्यवस्था:** (१) चन्दननाथ नगरपालिकाले पुनःप्रयोग तथा पुनःचक्रीय सामाग्रीसंकलन गरि नगरपालिका बाहिर पठाउने सम्बन्धित ठेकेदार वा कम्पनिबाट तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण पुनःप्रयोग तथा पुनःचक्रीय सामग्रीको परिमाण, तौल तथा प्रकृति, सामग्रीको गुणस्तर र तोकिएका अन्य आधारमा गरिने छ ।

**परिच्छेद- ६**

**प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्थाः**

**१६. प्रदुषण नियन्त्रणः** (१) आफ्नो क्षेत्रभित्रबाट संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषण रहित ढंगले नेपाल कानुन बमोजिम व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

**१७. फोहोरमैला व्यवस्थापनको अनुगमनः** (१) यस नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा चन्दननाथ नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(५) नगरपालिकाले यस नियम बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ ।

**परिच्छेद-७**

**फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

**१८. फोहोरमैला व्यवस्थापन समितिको गठनः** (१) चन्दननाथ नगरपालिकाको फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

क) नगरपालिकाको प्रमुख - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगर कार्यपालिकाबाट मनोनित वडा अध्यक्ष मध्येबाट एक जना र कार्यपालिका सदस्यहरुमध्येबाट एक जना महिला सदस्य सहित दुई जना- सदस्य

घ) स्थानीय उद्योग, होटेल तथा वाणिज्यको क्षेत्रमा आवद्ध नगरकार्यपालिकाबाट मनोनित ३ जना- सदस्य

ङ) नगरपालिका स्वास्थ्य शाखाका प्रमुख - सदस्य

च) नगरपालिकाभित्र रहेका टोल सुधार समितिहरुमध्येबाट १ जना- सदस्य

छ) नगरपालिकाको योजना तथा शहरी विकास शाखा प्रमुख वा ईन्जिनियर- सदस्य

ज) नगरपालिकाले तोकेको फोहोरमैला व्यववस्थापन सम्बन्धि विज्ञ एक जना - सदस्य

झ) फोहोरमैला क्षेत्रमा काम गरिरहेका कम्पनी वा संघसंस्थाका प्रतिनिधि एक जना -सदस्य

झ) नगरपालिकाको फोहोरमैला तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्ष हुनेछ ।

## १९. समितिको काम कर्तब्य र अधिकारः

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगरकार्यपालिकामा पेश गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत ब्यवस्था गर्ने ।

(ग) फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) फोहोरमैला एकीकृत रुपमा ब्यवस्थापन गर्न चन्दननाथ नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने ।

(च) तोकिए बमोजिम अन्य काम गर्ने ।

**२०. समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) समितिको बैठक कम्तिमा ३ महिनामा १ पटक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । आवश्यकता अनुसार समितिको बैठक जुनकुनै बेला बस्न सक्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता दफा १८ बमोजिम मनोनित पदाधिकारीमध्ये जेष्ठ पदाधिकारीले गर्नेछन् ।

(३) समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

(४) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछन् ।

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद- ८**

**<u>कसूर र दण्ड सजाय</u>**

**२१. <u>कसूर</u>**ः कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(क) नगरपालिकाले तोकी दिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने ।

(ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर योजनाबद्ध र नोक्सानी पु-याउने नियतले तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने ।

(घ) यस ऐन बमोजिम नगरपालिकाभित्र आपूर्ति हुने खानेपानीको मुहान, इन्टेक वरपर प्रदूषण गर्ने, अखाद्य चिजबस्तु फाल्ने, मरेको पशुपन्क्षी फाल्ने, लास गाड्ने वा जलाउने समेतका कार्य गरे र अनुमति नलिई फोहोरमैला ब्यवस्थापनको कार्य गर्ने ।

(ङ) नगर क्षेत्रभित्र सार्वजनिक रुपमा असर पर्ने गरी तथा नदी, तालतलैया, नहर, पार्क, उद्यान, पोखरीमा प्रदुषण हुने गरी कुखुरा पालन, बंगुर पालन गर्ने । वातावरण प्रदूषण गरी फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने ।

(च) फोहोरमैला संकलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ।

(छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने ।

(ज) फोहोरबाट निस्कने दूषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदूषित गराउने ।

(झ) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।

(ञ) रासायनिक फोहोरमैला, विषादीजन्य फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने ।

(ट) फोहोरमैला संकलन, ढुवानी तथा व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने ।

(ठ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावित तुल्याउन अन्य कुनै कार्य गर्ने ।

(ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी दफा ५ विपरित फोहोरमैला मिसाएर निष्कासन गर्ने ।

(ढ) पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ण) तोकेको स्थानभन्दा बाहेक अन्यत्र फोहोरमैला राख्ने, फाल्ने वा थुपार्ने ।

(त) नगरपालिकाले तोकेको अन्य अनधिकृत कार्य गर्ने ।

**२२. <u>सजाय सम्वन्धी व्यवस्थाः</u>** (१) दफा २१ को खण्ड (क) बमोजिमको कसुर गर्ने ब्यक्तिलाई तोकिए बमोजिम जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गरिनेछ ।

**२३. <u>सेवा सुविधा रोक्का गर्न सकिनेः</u>** (१) यस ऐन बमोजिम तोकिएको सेवा, शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने ब्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने सेवा सम्वन्धी सिफारिस, सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गर्न तथा निजको नामको चलअचल सम्पत्तिको विक्री रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । लेखिए वमोजिम कारवाही गर्नु अघि सम्बन्धित ब्यक्तिलाई सो सम्बन्धी कारवाहीको लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

**२४. <u>पुनरावेदन दिन सक्नेः</u>** दफा २२ बमोजिम गरेको सजायको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**परिच्छेद- ९**

**विविध**

**२५. स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनः** (१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानुन बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पूर्व फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरेर मात्र अनुमति दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष शर्त वा कायम गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि नगरपालिकाले सार्वजनिक निजी साझेदारीका आधारमा एकीकृत स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन केन्द्र संञ्चालन गर्न सक्नेछ ।

**२६. रासायनिक विषादी तथा मलमुत्र व्यवस्थापन सम्बन्धी ब्यवस्थाः** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नुपर्ने छ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित ब्यक्ति वा संस्थाको हुनेछ ।

(३) सेप्टीकजन्य फोहोर तथा मलमुत्रसम्बन्धी व्यवस्थापन नगरपलिकाले आफै वा प्रतिस्पर्धाको आधारमा सार्वजनिक निजी साझेदारीका आधारमा कुनै क्षेत्रलाई जिम्मा दिन सक्ने छ ।

(४) फोहोर तथा मलमुत्र समेत ढल सिधै खोला, खोल्सा तथा नदीमा मिसाउन पाइने छैन ।

(५) यो ऐन लागु हुनभन्दा अगाडि भएका सम्झौताहरु यो ऐन लागू भएको तीन महिनाभित्र स्वतः खारेज हुनेछन् ।

**२७. फोहोरमैला व्यवस्थापन कोषः** (१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहने छ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिने छ ।

(क) फोहोरमैला सेवा शुल्क वापतको रकम,

(ख) कबाडी करबाट प्राप्त हुने शुल्क रकम,

(ग) जरिवाना वापत प्राप्त हुने रकम,

(घ) संघीय वा प्रादेशिक सरकारवाट फोहोरमैला व्यवबस्थापनका लागि प्राप्त हुने अनुदान रकम,

(ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने भनी तोकेको रकम,

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा निकायवाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र सहयोग रकम र

(छ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) को खण्ड (च) वमोजिमको रकम प्राप्त गर्नको लागि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) यस कोषको लेखा, खर्च प्रकृया र लेखापरीक्षण सम्वन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ ।

**२८. फोहोरमैला ब्यबस्थापनसंग सम्बन्धित तथ्यांक जस्तैः** फोहरमैला उत्पादन, यसको किसिम, पुनप्रयोग तथा पुन चक्रीय प्रयोग भईरहेको सामग्रीको अवस्था, सेवाग्राहीहरुको संख्या र सेवाग्राही लगायत अन्यबाट फोहोरमैला ब्यबस्थापनमा प्राप्त रकम आदिको अभिलेख राख्ने ।

**२९. फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक, निजी साझेदारी निकायको अभिलेख राख्ने**: (१) चन्दननाथ नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण राख्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ ।

**३०. स्वीकृति लिन सकिनेः** नगरपालिकाले कुनै विदेशी संघसंस्था वा दातृ निकाय वा नागरिकसँग फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रचलित कानूनी प्रक्रिया पुरा गरि सहयोग लिन सक्नेछ ।

**३१. पुरस्कार दिन सकिनेः** (१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, सो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने ब्यक्तिको बारेमा प्रमाणसहित उजुरी दिने ब्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार दिन सक्नेछ ।

**३२. नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक विनियम बनाई लागु गर्न सक्नेछ ।

**३३. मापदण्ड वा कार्यविधि जारी गर्न सक्नेः** यो ऐनको अधिनमा रही नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि कार्यविधि, मापदण्ड,  तथा निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

**३४. यसै बमोजिम हुने:** फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाबाट भएको यस अघिका काम यसै कानून बमोजिम भएको मानिनेछ । यस अघि नगरपालिकाबाट जारी भएको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि यसै कानून अनुरुप भएको मानिनेछ र कानून संग बाझिएका कार्यविधिका दफाहरु यसै कानून अनुसार हुने गरि शंसोधन गरिनेछ ।

**३५. प्रचलित कानुन बमोजिम हुने:** फोहोरमैला सम्बन्धी विषयमा यस ऐनमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

## अनुसुची १
## फोहर मैलाको बर्गिकरण

| साधारण फोहोरमैला | | | हानिकारक फोहरमैला | |
|---|---|---|---|---|
| **जैविक फोहोर** | **अजैविक फोहोर** | **अन्य** | **स्वास्थ्यसंस्था जन्य फोहोर** | **औद्योगिकजन्य फोहोर** |
| भान्साको फोहोर बचेको खाना कागज तरकारी तथा फलफूलका बोक्रा बिगा, पात पतिङ्गर, झारपात धुलो र कसिङ्गर | प्लास्टिकका सामान, कार्डबोर्ड, पेपर, प्याकेजिङ्ग पेपर , सिसा, मेटल, जुता चप्पल र पुराना कपडा आदि | निर्माणजन्य फोहोरमैला, पशुपंक्षीजन्य फोहोरमैला | म्याद नाघेका औषधिहरु, सिरिन्ज, निडिल, धारिला हतियार एवम् औजारहरु, पन्जा माक्सहरु, काटिएका शरीरका अंगहरु, रगतका पोका र बेन्डज | केमिकल, विषालुग्याँस, खरानी, ह्यावी मेटल, मर्करी लिड, रंग, विषादीहरु, केमिकल, फर्टिलाइजर, पोलिस |

आज्ञाले

तिर्थराज पौडेल

प्रमाणिकरण मिती: २०७८/..../....

प्रमुख प्रशासकीय अधिकृत